# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २०७ | काठमाडौं | सोमबार, १२ मंसिर २०७९ | Prabhab National Daily | Monday, November 28, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## दोलखाका १० मतदान केन्द्रमा पुनः मतदान हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले दोलखा जिल्लाका १० वटा मतदान केन्द्रमा पुनः मतदान गर्ने निर्णय गरेको छ । मतदान कार्य स्वतन्त्र, स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा हुन नसकेको भन्दै यही मंसिर १५ गतेभित्र पुनः मतदान गर्ने आयोगले निर्णय गरेको हो ।

दोलखाको वैत्यश्वर गाउँपालिका-६ का वैत्यश्वर माध्यमिक विद्यालय मतदान केन्द्रको क, ख, ग, वडा नं २ को जनज्योति माध्यमिक विद्यालय पुतली काठका मतदान केन्द्र क र ख, तामाकोसी गाउँपालिका-३ हेल्थपोस्ट भवन जफे मतदान केन्द्रका क र ख गरी सात वटा मतदान केन्द्रको निर्वाचन रद्द गरी पुनः मतदान गर्ने निर्णय आयोगको आइतबारको बैठकले गरेको हो । त्यस्तै, वैत्यश्वर वडा नम्बर ३ को कालीढुंगा मावि मतदान केन्द्र क, ख, ग मा भएको मतदान पनि रद्द गर्ने आयोगले निर्णय गरेको छ ।

मतदान केन्द्र अनधिकृत कब्जा भई मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुगेको हुँदा निर्वाचन रद्द गरी पुनः गर्नुपर्ने अवस्था आएको आयोगले जनाएको छ । पुनः मतदान गर्न सम्बन्धित मतदान केन्द्रमा पुनः मतदानको सूचना प्रकाशन गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया (**बाँकी पृष्ठ २ मा**)

### प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९
### मतपरिणाम अपडेट

| | जित | अग्रता |
|---|---|---|
| नेपाली कांग्रेस | ५३ | ०१ |
| नेकपा एमाले | ४२ | ०२ |
| माओवादी केन्द्र | १७ | ० |
| ए. समाजवादी | १० | ० |
| रास्वपा | ०७ | ० |
| राप्रपा | ०७ | ० |
| जसपा | ०६ | ०१ |
| लोसपा | ०४ | ० |
| नाउपा | ०३ | ० |
| जनमत पार्टी | ०१ | ० |
| राष्ट्रिय जनमोर्चा | ०१ | ० |
| नेमकिपा | ०१ | ० |
| स्वतन्त्र | ०५ | ० |

# परिणाम नआउँदै सत्ताको खेल

■ जेबी योञ्जन



**काठमाडौं–** प्रतिनिधिसभाको १६५ मध्ये अझै केही क्षेत्रको मतपरिणाम आउन बाँकी छँदा सत्ता समीकरणको खेलमा नेताहरूको दौडधुप बढेको छ । संसद्मा प्रतिनिधित्व गर्ने दलका शीर्ष नेताहरूले बाक्लो गरी भेटघाट थालेका छन् । भेटका क्रममा उनीहरूको प्राथमिकता सत्ता समीकरण बनाउनेबारे हुँदै आएको छ ।

आइतबार संसद्मा दोस्रो दल हुने अवस्थामा रहेको दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पहिलो दल बन्ने क्रममा रहेको नेपाली कांग्रेसका नेता प्रकाशमानसिंहबीच भेट भएको छ । आपसमा बधाई दिनेसँगै कसरी स्थिर राजनीति हुन्छ भन्ने विषयमा दुई नेताबीच छलफल भएको सिंहका प्रेस संयोजक युपी लामिछानेले बताए ।

'उहाँहरूले भेट गर्नुभयो । दुवै जना हालै निर्वाचित हुनुभएकोले आपसमा बधाई दिने गर्नुभयो र अब कसरी राजनीतिलाई स्थिर बनाउन सकिन्छ ? यस विषयमा कुराकानी भयो,' लामिछानेले प्रभावसँग भने ।

चुनाव जितेर काठमाडौं आउने बेलामा झापामै केही दिनअघि ओलीले अस्थिरता स्वीकार्य नहुने र राजनीतिक स्थिरताको पक्षमा एमाले उभिने बताएका थिए । उनको यो भनाइ र आइतबार कांग्रेस नेता सिंहसँग भेट गर्नुलाई अर्थपूर्णरूपमा हेरिएको छ । कतिपयले भने ओली आवश्यक परे पहिलो हुने क्रममा रहेको दल कांग्रेससँग मिलेर सरकार गठन गर्न तयार हुने छन् ।

दोस्रो संविधानसभा चुनावपछि पहिलो र दोस्रो दल हुँदा कांग्रेस र एमालेले सरकार गठन गरेका थिए । तर, संसदीय प्रणालीमा यस्तो राजनीतिक घटना निकै कम हुने गर्छ ।

किनभने पहिलो दलले एक्लै वा तेस्रो, चौथोलगायत दलसँग मिलेर सरकार गठन गर्दा दोस्रो दल प्रमुख विपक्षी दलको रूपमा रहेर संसद्मा सरकारलाई जनताको कित्ताबाट खबरदारी गर्ने भूमिका निर्वाह गर्नुपर्ने मान्यता छ । यसबीच प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवानिकट रहेका सिंह र ओलीबीच भेट हुनुलाई अर्थपूर्णरूपमा हेरिएको छ ।

**८ मंसिरः ओली–दाहाल फोनवार्ता**

**१० मंसिरः देउवा–दाहाल भेटवार्ता**

**११ मंसिरः ओली–सिंह भेटवार्ता**

> कांग्रेसले दाबी गरेजस्तै दुवै चुनाव प्रणालीबाट गरी ९१ सिट र माओवादीले पनि दाबी गरेजस्तै ३३ सिट जितेको अवस्थामा बहुमतको सरकार बन्ने

यसअघि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई पनि ओलीले फोन गरेर सहकार्य गरी जान प्रस्ताव गरेका थिए । तर, दाहाल सकारात्मक नभएको बताइएको थियो । एकातिर यसरी ओलीले सत्ता समीकरणका लागि प्रयास गरिरहँदा माओवादी अध्यक्ष दाहालले पनि दौडधुप गरिरहेका छन् ।

उनले प्रधानमन्त्री देउवासँग शनिबार भेट गरे । भेटमा देउवाले सहकार्य गरेर अघि बढ्नुपर्नेमा जोड दिँदा दाहाल सकारात्मक भएको उनको सचिवालयले जनाएको छ । तर, उनको दल माओवादीभित्र गठबन्धन सरकारलाई निरन्तरता दिने कि नदिने भन्नेमा एक मत छैन । सोही कारण आइतबार बिहान कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले सभापति देउवासँग भेट गरेर माओवादी गठबन्धनबाट अलग हुनसक्ने शंका व्यक्त गरेका थिए ।

माओवादी सचिव गणेश साहले भने गठबन्धनबाट पार्टी अलग नहुने स्पष्ट पारे । 'चुनावमा जाँदा हामीले जनतासँग गठबन्धनको सरकार बनाउने वाचा गरेर भोट मागेका छौं, त्यही भएर जनतालाई विश्वासघात गर्नु हुँदैन,' उनले भने, 'फेरि, दलहरूको शक्ति सन्तुलनमा बद्लाब आएको छ । हाम्रो पनि पार्टी पहिलेभन्दा सानो भएको छ ।'

उनका अनुसार चुनावमा भने कांग्रेसबाट ठाउँठाउँमा मत 'ट्रान्सफर'मा समस्या भयो । सर्लक्कै कांग्रेसको मत पाएको भए धेरै माओवादी उम्मेदवारहरू मधेस र सुदूरपश्चिम प्रदेशमा पराजित नहुने उनलाई लाग्छ । 'पहिले पनि कांग्रेसबाट मत 'ट्रान्सफर' होला कि नहोला भन्ने थियो, त्यही भयो नभए माओवादी उम्मेदवारहरू मधेस र सुदूरपश्चिम प्रदेशमा हार्ने थिएनन् । छ न त माओवादी उम्मेदवारहरूबीचमा पनि समस्या नभएको होइन,' साहले भने ।

उनले जस्तै माधवकुमार नेपाल नेतृत्वको दल नेकपा एकीकृत समाजवादीका कतिपय नेताले पनि विश्वासघात भएको टिप्पणी गर्दै आएका छन् । तिनैमध्येमा पर्छन्- पूर्वप्रधानमन्त्रीसमेत रहेका पार्टीका सम्मानित नेता झलनाथ खनाल । इलाम-१ मा आफ्नै पूर्वकार्यकर्ता रहेका एमालेका उम्मेदवार महेश बस्नेतसँग चुनाव हारेपछि हारको दोष कांग्रेस र माओवादीमाथि थोपरेका छन् । पार्टी प्रवक्ता जगन्नाथ खतिवडाले पनि उदयपुर-२ मा भएको आफ्नो हारको दोष कांग्रेसलाई दिएका छन् ।

तर, पनि गठबन्धनबाट नबाहिरिने अध्यक्ष नेपालले बताउँदै (**बाँकी पृष्ठ २ मा**)

## प्रत्यक्षतर्फ १५७ सिटको टुंगो लाग्यो

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभा सदस्य निर्वाचनको मत गणना अन्तिम चरणमा पुगेको छ । निर्वाचन आयोगका अनुसार आइतबार साँझसम्म प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फ १६५ सिटमध्ये १५७ क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ । जारी मतगणनामा नेपाली कांग्रेसको अग्रता कायमै छ ।

प्राप्त मतपरिणामअनुसार हालसम्म नेपाली कांग्रेस ५३, नेकपा एमाले ४२, नेकपा माओवादी केन्द्र १७, नेकपा एकीकृत समाजवादी १० क्षेत्रमा विजयी भएका छन् । साथै, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी समान सात/सात, जनता समाजवादी पार्टी छ, लोकतान्त्रिक समाजवादी पार्टी चार, नागरिक उन्मुक्ति पार्टी तीन, नेमकिपा एक, राष्ट्रिय जनमोर्चा एक र जनमत पार्टीले एक सिट जितेको छ । त्यसैगरी पाँच जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् ।

आयोगका अनुसार तीन वटा जिल्ला दोलखा, बाजुरा र स्याङ्जामा मतगणना सुरु हुन सकेको छैन । बाजुरामा शनिबार पुनः मतदान भएको छ भने दोलखाका केही मतदान केन्द्रमा मंसिर १५ गतेभित्र पुनः मतदान गर्ने निर्णय गरेको छ ।

**समानुपातिकतर्फ एमाले अगाडि**

प्रतिनिधिसभाको समानुपातिकतर्फ आइतबार साँझसम्म पाँचवटा दलले मात्र 'थ्रेस होल्ड'को सीमा कटाएका छन् । नेकपा एमाले, नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनता समाजवादी पार्टीले थ्रेस होल्डको सीमा कटाएका छन् ।

समानुपातिकतर्फ एमाले पहिलो दल बनेको छ । एमालेपछि क्रमशः कांग्रेस दोस्रो, राष्ट्रिय स्वतन्त्र पार्टी तेस्रो, माओवादी केन्द्र चौथो, राप्रपा पाँचौं र जसपा छैटौं स्थानमा रहेका छन् ।

आइतबार साँझसम्म ९१ लाख ५२ हजार ९६९ मत गणना सम्पन्न भएको आयोगले जनाएको छ । समानुपातिकतर्फको थ्रेस होल्ड पार नगर्ने दलले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीमा जित हात पारे पनि राष्ट्रिय दलको मान्यता पाउँदैन । राष्ट्रिय दल (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# नेपाली कामदारको रोजाइमा युरोप



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि नेपाली कामदारहरूको रोजाइमा युरोपेली मुलुकहरू पर्न थालेका छन् । पछिल्लो समय नेपाली कामदारले युरोपेली मुलुक माल्टा, रोमानिया, क्रोएसियालगायतका देशलाई श्रम गन्तव्यको रूपमा रोज्न थालेका छन् ।

वैदेशिक रोजगारीका लागि युरोपेली मुलुकमा नेपालीहरूको अकर्षण बढ्न थालेपछि मलेसियालगायत खाडी मुलुकको विकल्पको रूपमा हेर्न थालिएको छ । कामदारले प्राप्त गर्ने उच्च पारिश्रमिक, सेवा सुविधा, मानवअधिकार तथा भौतिक सुरक्षाका कारण अहिले माल्टा, रोमानिया, क्रोयसिया, साइप्रस जाने नेपालीको संख्या बढ्दो छ । वैदेशिक रोजगार व्यवसायीहरूले पनि उल्लेखित मुलुकहरूबाट राम्रै संख्यामा कामदारको माग ल्याइरहेको वैदेशिक रोजगार विभागको तथ्यांकले पनि देखाएको छ ।

विभागको पछिल्लो छ महिनाको रेकर्डलाई हेर्ने हो भने, प्रत्येक महिना श्रम स्वीकृति लिएर रोजगारीका लागि युरोपेली मुलुकमा जाने नेपालीको संख्या बढ्दै गएको छ । छ महिनाको अवधिमा झण्डै छ हजार नेपाली रोमानिया पुगेका छन् भने क्रोएसिया जान चार हजार २०० भन्दा बढीले श्रम स्वीकृति लिएका छन् । यस्तै माल्टा जानेको संख्या पनि उल्लेख्य रहेको छ । माल्टामा तीन हजार ५०० को हाराहारीमा नेपाली पुगेको विभागको तथ्यांकले देखाउँछ ।

त्यसैगरी साइप्रस पनि नेपालीहरूको आकर्षक श्रम गन्तव्य बनेको छ । ६ महिनाको अवधिमा साइप्रसमा करिब दुई हजार तीनसय कामदार पुगेका छन् । रोमानिया जाने नेपाली कामदारको चाप बढेका कारण सहजताका लागि सरकारको पहलमा अहिले काठमाडौंमा नै 'अस्थायी रोमानियन मिसन' सञ्चालनमा रहेको छ ।

उल्लेख गरिएका युरोपेली मुलुकमात्र नभएर पोल्याण्ड, पोर्चुगल, अस्ट्रिया, बेल्जियम, टर्की, डेनमार्कलगायतका देशमा पनि रोजगारीका लागि नेपालीहरू गइरहेका छन् । युरोपमा आप्रवासी कामदारको माग बढेसँगै त्यसबाट लाभ लिनुपर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उच्च अधिकारीहरूको भनाइ छ । स्वास्थ्य जनशक्ति पठाउने विषयमा बेलायतसँग सम्झौता भइसकेको भन्दै रोमानियासँग गर्ने भनिएको जिटुजी सम्झौताको तयारी अन्तिम चरणमा पुगेको मन्त्रालयका सचिव एकनारायण अर्यालले बताए । उनका अनुसार रोमानिया मात्रै नभएर युरोपमा विभिन्न मुलुक माल्टा, पोर्चुगल, पोल्याण्डसँग पनि श्रम सम्झौता गर्ने तयारी भइरहेको छ ।

## नेपाली दूतावास युएईको कार्यसम्पादन सार्वजनिक

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले कात्तिक महिनामा गरेको कार्यसम्पादनको विवरण सार्वजनिक गरेको छ । दूतावासले २०७९ कात्तिक महिनामा सम्पादन गरिएका प्रमुख सेवाहरूको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

युएई नेपालीहरूको वैदेशिक रोजगारीका लागि गन्तव्य मुलुकको रूपमा परिचित छ । दूतावासले विशेषगरी रोजगारीमा रहेका नेपाली कामदारहरूको समस्या समाधानका लागि सहजीकरण गर्दै आफूले गरेको कार्य सम्पादन तथा प्रगति विवरण पनि प्रस्तुत गर्दै आएको छ । कात्तिक महिनामा एक हजार ३६० पासपोर्ट नवीकरणका लागि संकलन भएको दूतावासले जनाएको छ । यस्तै एक हजार ५६८ वटा पासपोर्ट नवीकरणपश्चात् वितरण गरिएको छ ।

त्यस्तै १०७ जनालाई भिसा प्रदान गरिएको र ११८ जनाको ट्राभल डकुमेन्ट बनाइएको दूतावासले उल्लेख गरेको छ । १३७ जनाको कागजात प्रामाणीकरण गरिएको दूतावासले उल्लेख गरेको छ । १८६ वटा व्यक्तिगत भिसा प्रमाणीकरण भएको छ भने संस्थागतरूपमा आएको ७८ वटा मागपत्र प्रमाणीकरण भएको छ । यसैगरी ११३ समूहगत भिसा प्रमाणीकरण भएको दूतावासले कार्यसम्पादन विवरणमा जनाएको छ । विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरूको ११ वटा शव व्यवस्थापन गरिएको पनि उल्लेख छ । यस्तै विभिन्न माध्यमबाट आएका ४४९ वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गरिएको छ । दूतावासले क्षतिपूर्ति र इन्स्योरेन्सबापत दुई लाख ७५ हजार युएई धिराम अर्थात् झण्डै एक करोड रूपैयाँ वितरण गरिएको जनाएको छ ।

यसैबीच दूतावासले एक सूचना जारी गर्दै राहदानी विभागसँगको समन्वयमा विद्युतीय राहदानीका लागि भर्नुपर्ने अनलाइन आवेदन यही मंसिर १२ गते सोमबारदेखि एक महिनाका लागि प्रत्येक हप्ताको सोमबार स्थानीय समयअनुसार ११ बजे अनलाइन फाराम भर्न खुला गरिने जनाएको छ ।




# दुर्घटनामा एकको मृत्यु, एक घाइते

**भक्तपुर (प्रस)**– मध्यपुरथिमि नगरपालिकाका-६ मिलरोड उकालोमा सवारी दुर्घटनामा परी एकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । चाँगुनारायण नगरपालिका-१ दुवाकोटबाट पुरानोथिमि जाँदै गरेको प्रदेश ३-०१-०२३ च ४२९३ भ्यान र बा १ प ९५०८ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने अर्का एक गम्भीर घाइते भएका छन् ।

दुर्घटनामा मोटरसाइकल चालक भक्तपुर नगरपालिका-१ का २८ वर्षे सिजन फसिकवाको मृत्यु भएको प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजू पाण्डेले जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकलमा पछाडि सवार भक्तपुर नगरपालिका-७ गोल्माढीका ३२ वर्षे सुनिल ग्वाछाको मध्यपुर अस्पतालमा उपचार भइरहेको उनले जानकारी दिए । प्रहरीले गाडी चालक सिन्धुली घर भई भक्तपुर दुवाकोट बस्ने २७ वर्षीय दाताराम पहाडीलाई पक्राउ गरेको छ ।

## परिणाम नआउँदै...

पृष्ठ १ बाट जारी

आएका छन् । यदि, गठबन्धनले निरन्तरता पाउने अवस्थामा झिनो बहुमतको सरकार बन्नसक्ने देखिएको छ ।

बहुमतका लागि प्रत्यक्ष र समानुपातिकबाट गरी १३८ सांसद आवश्यक हुन्छ । गठबन्धनका नेताहरूले भने १४० सिट पुग्ने आकलन गर्न थालेका छन् ।

यो समाचार तयार गर्दासम्म कांग्रेसले ५३ सिट जितेको छ । तीन क्षेत्रमा अग्रता कायम राखेको छ । स्याङ्जा-२, बाजुरा र दोलखामा मतगणना बाँकी छ । यस्तो अवस्थामा ५७ सिट प्रत्यक्षतर्फ जित्ने कांग्रेसको हिसाब छ । समानुपातिकतर्फ २३ लाख मत कटाएको छ । ३४ सिट समानुपातिकबाट थप्दा ९१ सिट हुने कांग्रेसको अड्कल छ ।

माओवादी केन्द्रले १७ सिट जितेको र दोलखामा चुनाव जित्ने दाबी गर्दै आएको छ । ८० प्रतिशत समानुपातिकतर्फको मत गणना सकिँदा माओवादीले १० लाख कटाएको छ । अझै दुई लाख जति थपिँदा १५ सांसद पाउन सकिने र त्यस्तो अवस्थामा ३३ सांसद हुने दाबी गर्दै आएको छ ।

गठबन्धनको अर्को दल एकीकृत समाजवादीले १० सिट जितेको छ । समानुपातिकतर्फ तीन प्रतिशत मत पुऱ्याउन संघर्ष गरिरहेको छ । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले चार सिट र राष्ट्रिय जनमोर्चाले एक सिट जितेको निर्वाचन आयोगले जनाएको छ । तर, यी दुई दलले भने समानुपातिकतर्फ तीन प्रतिशत मत पुऱ्याउन नसक्ने देखिएको छ ।

तर, कांग्रेसले दाबी गरेजस्तै दुवै चुनाव प्रणालीबाट गरी ९१ सिट र माओवादीले पनि दाबी गरेजस्तै ३३ सिट जितेको अवस्थामा बहुमतको सरकार बन्ने देखिन्छ । किनभने, यी दुई दलको सिट जोड्दा १२५ हुने र एकीकृत समाजवादीको १०, लोसपाको चार तथा जनमोर्चाको एक सिट जोड्दा १३९ हुन्छ । यस्तो अवस्थामा बाहृय शक्तिले नखेले गठबन्धन सरकार बन्नसक्ने विश्लेषण हुँदै आएको छ ।

## प्रत्यक्षतर्फ...

पृष्ठ १ बाट जारी

बन्न प्रत्यक्षतर्फ कम्तीमा एक सिट र समानुपातिकतर्फ थ्रेस होल्ड कटाउनुपर्ने हुन्छ ।

समानुपातिकतर्फ अग्रस्थानमा रहेको एमालेले आइतबार साँझसम्म २४ लाख ९७ हजार १३६ मत प्राप्त गरेको छ । प्रत्यक्षतर्फ यो दल दोस्रो स्थानमा रहेको छ । दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसको २३ लाख ६९ हजार ९३६ मत प्राप्त गरेको छ । नवप्रवेशी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) माओवादी केन्द्रलाई पछि पार्दै समानुपातिकतर्फ तेस्रो स्थानमा रहेको छ । रास्वपाले १० लाख ५४ हजार ९२२ मत पाएको छ ।

नेकपा माओवादी केन्द्रको १० लाख ४२ हजार २२६ मत पुगेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीको पाँच लाख ४० हजार ३५६ र जनता समाजवादी पार्टी नेपालको तीन लाख १२ हजार ३५९ मत पुगेको आयोगले जनाएको छ ।

## दोलखाका...

पृष्ठ १ बाट जारी

तत्काल अगाडि बढाउन मुख्य निर्वाचन अधिकृतको कार्यालय दोलखालाई निर्देशन दिएको छ । आयोगले पुनः मतदान हुने केन्द्रहरू अति संवेदनशील देखिएकाले आवश्यक सुरक्षा व्यवस्था गर्न जिल्ला प्रशासन कार्यालय र सुरक्षा संयन्त्रलाई निर्देशन दिएको छ । मतदानको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने उद्देश्यले बाधा अवरोध जुनसुकै व्यक्तिलाई तत्काल पक्राउ गरी कारबाही गर्ने जनाइएको छ ।

आयोगले मंसिर ४ गते सम्पन्न भएको निर्वाचनमा १० वटै मतदान केन्द्रको जिम्मेवारीमा रहेका कर्मचारीहरूमाथि आवश्यक अनुसन्धान गरी कारबाही गर्ने तयारीसमेत गरेको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JACKSPEED LEATHER SPECIAL MAN. (M) SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०५/०६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/११ LT. No.270072 चलानी नं. ६०१८५९२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १९ गते (5th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**

Gaushala, Bijayachowk, Kathmandu BAGMATI

Tel : +977-1-4488855/4488856

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALMAN SALAH SALEM AL SULAIMI OPERATION AND MAINTENANCE COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/२३ LT. No. 275308 चलानी नं. ६०१९०८१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaning Labor | 7 | 0 | 1300 | ४५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १९ गते (5th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**

Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601

E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAIPING MARINE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/११ LT. No. 276567 चलानी नं. ६०१९२१८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AQUACULTURE | 6 | 0 | 1500 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १९ गते (5th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम इजाजत नं. १०१९/०६८/०६९

P.O.Box: 6859, New Baneswor, Kathmandu, Nepal. Tel:- +977-1-4785761/4784578, Fax:- + 977-1-4784571

Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAI AUTO GARAGE FOR CARS

पूर्व स्वीकृति मिति : २०७८/०६/१२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/११ LT. No. 272695 चलानी नं. ६०१८८४७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanic | 1 | 0 | 1400 | ५१,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1400 | ५१,००० | | | | | | | |
| 3 | Technician | 1 | 0 | 1400 | ५१,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १८ गते (4th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

श्रम इजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448

Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAWAYA GENERAL MAINTENANCE & BLDG. CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०७९/०८/०९ LT. No.276508 चलानी नं. ६०१९१४३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 5 | 1100 | ३९,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALMAWARID HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०७९/०६/२८ LT. No.273687 चलानी नं. ६०१९१३१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Representative | 1 | 0 | 1600 | ५५,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १९ गते (5th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Leading Foreign Recruitment Pvt. Ltd.**

RECRUITMENT श्रम इजाजत नं. ६६६/०६३/०६४

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550

Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SBH TIMBER SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०४/१५ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/११ LT. No. 268238 चलानी नं.६०१९०४८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 34 | 0 | 1500 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १९ गते (5th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. ११५७/०७३/०७४

Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856

Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : S NAIL SPA BEAUTY SALOON COMPANY FOR LADIES.

पुर्व स्वीकृति मिति २०७८/०७/२० पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/११ LT No :250672 चलानी नं. ६०१६७६९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 130 | ५५,२८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Saloon Worker | 0 | 4 | 120 | ५१,०३० | | | | | | | |

कम्पनी : BABY DO CO. FOR KIDS ENTERTAINMENT TOYS.

पुर्व स्वीकृति मिति २०७९/०८/०८ LT No :272569 चलानी नं. ६०१९१९३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 3 | 150 | ६३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १९ गते (5th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


## गुलरिया नगरपालिका

नगरपालिकाको कार्यालय

गुलरिया बर्दिया

### बोलपत्र स्वीकृतिको लागि छनोट गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०७९/०८/१२ गते)**

मिति २०७९।०५।२८ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिकमम प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम् मुल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्का विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | भ्याट र पि.एस बाहेकको कवोल रु. | भ्याट र पि.एस. सहितको कबोल मूल्य रु. |
|---|---|---|---|---|---|
| 1.0 | MG/G/NCB/01/2079/80 | 16 Mtr. Highmast Light Supply, Fitting & all Complet work | काठमाडौं इर्नजी ग्रुप प्रा.लि. काठमाडौं | ३२,५०,५००।०० | ३७,७३,०६५।०० |

Chief Administrative Officer

## हलेसी तुवाचुङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दुर्छिम, खोटाङ

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति:२०७९/०८/१२**

यस नगर कार्यपालिकाको कार्यालयलाई आवश्यक पर्ने तपशील बमोजिमका सामानहरु खरिद गर्नु पर्ने भएकोले इच्छुक योग्यता प्राप्त फर्म/कम्पनीले १५ दिन भित्र शिलबन्दी दरभाउपत्र खरिद गरि १६ औं दिनको १२:०० बजेसम्म पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । सिलबन्दी दरभाउपत्र सम्बन्धी Specification र अन्य विस्तृत विवरण यस नगरपालिकाको Website: halesituwachungmun.gov.np मा उपलब्ध रहेको छ वा कार्यालय समयभित्र यस नगरपालिकामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**तपसिल**

| क्र.स. | दरभाउपत्र नं. | कार्य विवरण | शिलबन्दी दरभाउ पत्र जमानत | शिलबन्दी दरभाउ पत्र दस्तुर | लागत रकम भ्याट सहित |
|---|---|---|---|---|---|
| १ | HTM-01-2079/80 | बिद्युतीय कुटानी पिसानी मिल | ३५,०००/- | १,०००/- | ७,००,०००/- |
| २ | HTM-02-2079/80 | ग्याविन तार जाली | ५०,०००/- | १,०००/- | १०,००,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०८/१२)*

पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय बुद्धनगर, काठमाडौं बाट आव्हान गरिएको सुचना नं 01/079/80 अनुसारको तपशिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरु मध्ये सबैभन्दा न्यूनतम बोल अङ्क कबुल गर्ने र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृतीका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरुलाई जानकारी गराइन्छ ।

**तपशिल**

| Contract No. | Bidder's Name and Address | Bid Amount Including VAT and PS |
|---|---|---|
| MIDHLPD/337011144/079/80-401 | M/S Swchhanda/Apex JV, Kathmandu. | 2987824780.48 |

**आयोजना निर्देशक**

# मधेस प्रदेशसभामा नयाँ–पुराना अनुहारको मिश्रण

■ अजयकुमार साह

**धनुषा–** मधेस प्रदेशसभामा यसपटक केही पुराना र केही नयाँ अनुहारलाई जनताले जनप्रतिनिधिका रूपमा पठाएका छन् । फरक दल, फरक समुदाय, फरक उमेर र फरक वर्गको प्रतिनिधित्व मधेस प्रदेशसभामा देखिने भएको छ ।

प्रदेशसभामा प्रत्यक्ष निर्वाचित ६४ जना र समानुपातिक ४३ जना गरी जम्मा १०७ सदस्यीय सांसद चुनिने व्यवस्था रहेको छ । अघिल्लो निर्वाचनमा चुनिएका कतिपय सांसद यसपटक पनि पुनःदोहोरिएका छन् भने संसद्को पहिलो अनुभव लिन नयाँ अनुहारको समेत उल्लेख्य संख्यामा प्रदेशसभामा प्रवेश पाउने भएको छ ।

एक कार्यकाल मुख्यमन्त्रीका रूपमा सरकार सञ्चालन गरी सकेका लालबाबु राउत फेरि दोहोरिएका छन् । जनता समाजवादी पार्टी (जसपा) का केन्द्रीय नेतासमेत रहेका उनी पर्सा क्षेत्र नं १ (२) बाट निर्वाचित भएका छन् ।

कांग्रेस नेता रामसरोज यादव धनुषा क्षेत्र नं ३ (१) बाट फेरि प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् । रामसरोज यसअघि भौतिक पूर्वाधार तथा यातायातमन्त्रीसमेत भइसकेका छन् । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेता जितेन्द्र सोनल पनि बारा क्षेत्र नं ४ (२) बाट दोस्रोपटक निर्वाचित भएका छन् । सोनल मधेस प्रदेशमा भौतिक पूर्वाधार तथा विकासमन्त्री भइसकेका छन् ।

त्यस्तै पर्सा क्षेत्र नं २ (२) बाट लोसपाकै रमेशप्रसाद कुर्मी पनि फेरि निर्वाचित भएका छन् । उनी २०७४ को निर्वाचनमा तत्कालीन राजपाबाट निर्वाचित भएका थिए । पर्साकै क्षेत्र नं ४ (१) बाट कांग्रेसका शंकरप्रसाद चौधरी पनि दोस्रोपटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् । दोस्रोपटक निर्वाचित हुनेमा रौतहट–४ (२) बाट जसपाका शेष अबुल कलाम आजाद पनि पर्छन् ।

यसैगरी सर्लाहीबाट चार जना प्रदेश सांसद दोस्रोपटक निर्वाचित भएका छन् । सर्लाही क्षेत्र नं १ (१) बाट लोसपाका उपेन्द्र महतो र (२) बाट वेंची लुडेली, क्षेत्र नं ३ (२) बाट जसपाका सञ्जयकुमार यादव तथा क्षेत्र नं ४ (१) बाट कांग्रेसका वीरेन्द्रप्रसाद सिंहले प्रदेशसभामा पुनःनिर्वाचित भई सिट सुरक्षित गरेका छन् । कांग्रेसका सिंह यसअघि प्रदेशको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रीसमेत भइसकेका छन् ।

त्यस्तै महोत्तरी क्षेत्र नं ३ (१) मा लोसपाबाट उम्मेदवार बनेका अभिराम शर्मा र ३ (२) बाट रानी शर्मा पुनःनिर्वाचित भएका छन् । अभिराम शर्माले सामाजिक विकास राज्यमन्त्रीको समेत जिम्मेवारी सम्हालिसकेका छन् । उनले मधेस प्रदेश सरकारका मुख्य न्यायाधिवक्ताबाट राजीनामा दिएर चुनावी मैदानमा उत्रिएका जसपाका दीपेन्द्र झालाई झिनो मतले पराजित गरेका हुन् । धनुषा क्षेत्र नं २ (२) मा जसपाका रामाशिष यादव पनि दोस्रोपटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् । सप्तरी क्षेत्र नं ३ (१) मा कांग्रेसका मोहम्मद समिम पनि दोस्रोपटक निर्वाचित भएका छन् ।

**केही नयाँ अनुहार**

पर्सा क्षेत्र नं १ (१) बाट निर्वाचित माओवादी केन्द्रका रहवर अन्सारी, पर्सा क्षेत्र नं २ (१) बाट निर्वाचित कांग्रेसका श्यामप्रसाद पटेल, पर्सा क्षेत्र नं ३ (२) बाट जितेका कांग्रेसका जनार्दन सिंह क्षेत्रीको प्रदेशसभामा यो पहिलो यात्रा हो । यस्तै बारा क्षेत्र नं ३ (१) बाट निर्वाचित एमालेको रवीन्द्र दास श्रेष्ठ, बाराकै क्षेत्र नं ४ (१) बाट निर्वाचित एमालेका देवनारायण थारू पनि प्रदेशसभाका लागि नयाँ छन् ।

रौतहटमा प्रदेशसभामा निर्वाचित सातमध्ये छ नयाँ छन् । क्षेत्र नं १ (१) बाट नागेन्द्र साह र (२) बाट कृष्णप्रसाद यादव निर्वाचित निर्वाचित भएका छन् । कांग्रेसका दुवै नेताको पनि यो प्रदेशसभाको पहिलो यात्रा हो । कृष्ण यादव कांग्रेसका प्रदेश सभापति पनि छन् । क्षेत्र नं २ (१) मा एमालेका मोहम्मद जैद आलम, क्षेत्र नं २ (२) बाट निर्वाचित कनिश पटेल, क्षेत्र नं ३ (१) मा स्वतन्त्र उम्मेदवार केशव राय र क्षेत्र नं ४ (१) मा निर्वाचित माओवादीका युवराज भट्टराई पनि नयाँ छन् ।

यसैगरी सर्लाही–४ (२) मा माओवादीका फकिरा महतो र धनुषा–२ (१) मा एमालेका लखन दास तत्मा निर्वाचित हुँदै पहिलोपटक सांसद बनेका छन् । सप्तरीका छ स्थानको नतिजा आउँदा प्रदेशसभा पुग्ने पाँच नयाँ छन् । यसमध्ये चार जनमत पार्टीका छन् । क्षेत्र नं ३ (२) मा शम्भुकुमार साह, क्षेत्र नं २ (१) मा सतिशकुमार सिंह, क्षेत्र नं २ (२) मा महेशप्रसाद यादव र क्षेत्र नं १ (२) मा सकिल मियाँ निर्वाचित भएका छन् । क्षेत्र नं १ (१) मा जितेका एमालेका राजकुमार लेखी पनि नयाँ नै छन् । लेखीसँग यसअघि प्रदेश सरकारको नीति तथा योजना आयोगमा सदस्य भएर काम गरेको अनुभव छ ।

**मन्त्री पराजित**

वि.सं. २०७४ मा निर्वाचित भई प्रदेशका महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हालेका केही मन्त्रीले भने यसपटकको निर्वाचनमा पराजय व्यहोर्नुपरेको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय हुँदै हाल अर्थमन्त्री रहेका शैलेन्द्र साह सप्तरी क्षेत्र नं २ (१) मा पराजित भएका छन् ।

यस्तै पाँच वर्षसम्म भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री रहेका योगेन्द्र राय यादव पनि पराजित भएका छ । उनी रौतहट–१ (२) मा उम्मेदवार थिए । प्रदेश मुख्य न्यायाधिवक्ताबाट राजीनामा दिएर निर्वाचनमा होमिएका दीपेन्द्र झा पनि पराजय व्यहोर्नुपरेको छ । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARCO HEALTHCARE

पूर्व स्वीकृति मिति २०७९/०५/०६ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०८/११ LT. No. 270023 चलानी नं. ६०१८५८८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Geneal Cleaning Work | 0 | 1 | 1000 | ३५,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nurse | 0 | 1 | 5000 | १७९,२८० | | | | | | | |

कम्पनी : LIBERTY SUITES

पूर्व स्वीकृति मिति २०७९/04/३१ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०८/११ LT. No. 269597 चलानी नं. ६०१८५५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEANING WORKER (Female) | 0 | 10 | 1000 | ३५,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LIBERTY SUITES

पूर्व स्वीकृति मिति २०७९/०५/२६ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०८/११ LT. No. 271703 चलानी नं. ६०१८७४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 10 | 0 | 1000 | ३५,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Guard | 5 | 0 | 1500 | ५३,७८५ | | | | | | | |
| 3 | Maint Technician | 3 | 0 | 1800 | ६४,५४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १९ गते (5th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

